नेपाल सरकार

# राष्ट्रिय योजना आयोग

पत्र संख्याः

चलानी संख्याः

सिंहदरबार, काठमाडौं

## प्रेस विज्ञप्ती

### सार्वजनिक निजी साझेदारी सम्बन्धी परामर्श बैठक सम्पन्न

आज मिति २०८० भाद्र १३ गते राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. प्रभु बुढाथोकीको अध्यक्षतामा सार्वजनिक निजी साझेदारी विषयक परामर्श बैठक बस्यो। बैठकमा योजना आयोगका पूर्वसदस्य डा. सुनिल बाबु श्रेष्ठ, पूर्वाधार विज्ञ प्रा. डा. सूर्यराज आचार्य तथा निजी क्षेत्रका छाता संगठनका विभिन्न पदाधिकारीहरूको समेत उपस्थिति रह्यो। साथै, नेपाल सरकारका भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, शहरी विकास मन्त्रालय, उर्जा जलस्रोत तथा सिचाई मन्त्रालय, उद्योग, बाणिज्य तथा आपूर्ती मन्त्रालय र बन तथा वातावरण मन्त्रालयका सहसचिवहरूको उपस्थिति रहेको थियो।

सार्वजनिक निजी साझेदारीबाट विकासका लागि आवश्यक न्यूनता पूर्ति गर्ने, त्यसका लागि राज्यलाइ आवश्यक वित्तीय स्रोतको पूर्ति, कार्यान्वयन र आगामी १६ औं योजनामा प्रस्तुत विषय समावेश गरी लैजाने विषयमा उक्त छलफल केन्द्रित भएको थियो।

छलफलका क्रममा, तीन तहका सरकार बीच सार्वजनिक निजी साझेदारी नीति तथा कानुनको कार्यान्वयनमा समन्वय कायम हुनुपर्ने, उद्योगहरूको दर्ता र नविकरणमा सहजीकरण गर्नुपर्ने, सहकारीबाट हाल भइरहेका कामहरूको मूल्याङ्कन गरी सहकारी सहित निजीक्षेत्रको क्षमताको उपयोग गर्नुपर्ने सुझावहरू प्राप्त भएका थिए।

पूर्वाधारविद डा. सूर्यराज आचार्यले वित्तीय हिसाबले उपयुक्त आयोजनामात्र साझेदारीमा बन्ने भएकोले साझेदारी हुन सक्ने गरी आयोजना बनाउनुपर्ने धारणा व्यक्त गर्दै मौजुदा लगानी ऐनले विद्युत विकास बाहेकका साझेदारीका अन्य क्षेत्रलाइ आकर्षिक गर्न नसकेको बताउनुभएको थियो।

नगर विकास कोषले नगरपालिकाहरूलाइ साझेदारीमा काम गर्न सहजीकरण गरिरहेको कोषका कार्यकारी अधिकृतले वताउनुभएको थियो। बैठकमा साझेदारीमा आयोजना सञ्चालन गर्न सक्ने गरी स्थानीय तहको क्षमता बढाउन क्षेत्रगत परियोजनाहरूमा बैंकहरूले लगानी गर्न आवश्यक तयारी एवम् जिम्मेवारीका सम्बन्धमा समेत छलफल भएको थियो।



कार्क्रममा बैंकले लगानी गर्न योग्य आयोजनाहरूको र सो को एकीन हुने गरी संरचना र विधि आवश्यक रहेको सुझावका साथै क्षेत्रगत र आयोजनागत नीति प्रष्ट हुनुपर्ने सुझाव प्राप्त भएको थियो।

फोन नं.: ०१-४२११०३२, ४२१११३२, ४२११००४, फ्याक्सः ०१-४२११७००, ईमेलः npc@npc.gov.np, वेबः www.npc.gov.np

व्यवसायीक हिसावले उपयुक्त आयोजनामा सरकारी लगानी हुने तर सरकारले नै लगानी गर्नुपर्ने खानेपानी, सिँचाइ जस्ता अत्यावश्यक क्षेत्रमा समेत उपभोक्ताको लगानी अनिवार्य गर्ने नीतिमा पुनरावलोकन गरी सो नीति संशोधन हुनुपर्ने, जग्गा एकीकरण गरी प्लटिङसहित जग्गा विक्री गर्दा तिर्नुपर्ने पुँजीगत कर जस्ता विषयहरू संशोधन गरी लगानीकर्ताको लगानी सुरक्षित हुने व्यवस्था गर्नुपर्ने विषयमा सुझाव प्राप्त भएको थियो।

छलफलमा भाग लिदै काठमाण्डौ महानगरपालिकाका प्रतिनिधिले निजीक्षेत्रलाई साझेदारको रूपमा स्वीकार गर्दै भायविलिटी ग्याप फण्डिङ्गका लागि स्पष्ट नीतिको आवश्यकता रहेको वताए।

नेपाल उद्योग बाणिज्य महासंघका उपाध्यक्ष श्री हेमराज ढकालले सार्वजनिक निजी साझेदारीमा विद्युत विकास वाहेकका क्षेत्रमा पनि प्राथमिकतामा राखी काम गर्नुपर्ने वताए। निजी क्षेत्रलाई सम्मानपूर्ण व्यवहार गर्नुपर्ने साथै व्यवसायीकरूपले उचित आयोजनाहरूको तर्जुमा गरे मात्र निजी क्षेत्र लगानीका लागि आकर्षित हुने बताए। वैदेशीक लगानीलाई थप आकर्षक बनाउन विद्यमान ३४ वटा नीति तथा कानुनहरूमा संशोधन गर्नुपर्ने बताए।



कार्यक्रममा समापन मन्तव्य राख्दै माननीय डा. प्रभु बुढाथोकीले सबै सहभागीहरूलाई सक्रिय सहभागिता र महत्वपूर्ण सुझावहरूका लागि धन्यवाद ज्ञापन गर्नुभएको थियो। सो क्रममा उहाँले सार्वजनिक निजी साझेदारीका विषयमा बढी भन्दा बढी छलफल गरी यसको बुझाइमा एकरूपता कायम गर्नुपर्ने विद्यमान व्यवस्थाहरूलाई अझ प्रभावकारी रूपमा कार्यान्वयनमा लैजानुपर्ने वताउनुभएको थियो। लगानी बोर्डले यस क्षेत्रमा काम गरिरहेको विषय उल्लेख गर्दै सो बाहेकका सरोकारवाला निकाय र तहले समेत सार्वजनिक निजी साझेदारीको विधिलाइ अगाडि बढाउने गरी सोह्रौं योजनामा समावेश गर्नुपर्ने विषय समेत राख्नुभएको थियो।